त्रिपुरासुन्दरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष ५ खण्ड: १ संख्या: १ मिति: २०७९/०३/२३

**भाग-१**

त्रिपुरासुन्दरी नगरपालिकाको

## आर्थिक ऐन, २०७९

सभाबाट स्वीकृत मिति: २०७९/०३/१२

# आर्थिक सम्बन्धी ऐन, २०७९

**प्रस्तावना:** त्रिपुरासुन्दरी नगरपालिकाको आर्थिक बर्ष २०७९।८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम यस नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** यसको ऐनको नाम **'आर्थिक ऐन, २०७९'** रहने छ ।

२. **लागु हुने:** यो ऐन नगर सभाबाट पास भए पश्चात आ.व. २०७९।८० का लागी लागु हुने छ ।

३. **कानुन बमोजिम बाहेक कर लगाउन उठाउन वा ऋण लिन नपाउने:** कानुन बमोजिम बाहेक नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्र कुनै कर लगाउन र ऋण लिन पाउने छैन ।

CS CamScanner

१४. **पार्किङ्ग शुल्कः** त्रिपुरासुन्दरी नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिने।

१५. **ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जि जम्पिङ, जिपफ्लायर, र्याप्टीङ शुल्कः** त्रिपुरासुन्दरी नगरपालिका क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जि जम्पिङ, जिपफ्लायर, र्याप्टीङ सेवा वा व्यावसाय सञ्चालन गरेवापत तोकिए बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१६. **सेवा शुल्क र दस्तुरः** त्रिपुरासुन्दरी नगरपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट अनुसूचि (११) मा व्यस्था भए अनुसार शुल्क लगाइने र असुरल उपर गरिने ।

१७. **पर्यटन शुल्कः** त्रिपुरासुन्दरी नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट तोकिए बमोजिमको पर्यटन शुल्क लगाईने र असुल उपर गरिने ।

१८. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । अघिल्लो आर्थिक वर्षमा कानुन बमोजिम कर नतिरेका सवै करदाताहरुसँग तिर्न बाकी सवै कर समेत यस आर्थिक वर्षमा अनिवार्य असुल उपर गरिनेछ ।

१९. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क सम्बधि अन्य कार्यविधि नगरपालिकाले बनाई लागु गर्न सक्ने ।

प्रमाणिकरण मिति २०७९/०३/१५

राजपत्रमा प्रकशित मिति २०७९/०३/२३

आज्ञाले
लाल प्रसाद पोखरेल
नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

